# सामुदायिक विकास मञ्च नेपाल
## मेलुङ कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना
## चरिकोट दोलखा
### प्रथम पटक प्रकाशित भएको मितिः २०८०।१२।११
### सिलबन्दी बोलपत्र आव्हानको सूचना नं.: 01/SQ/CDF/MALEDP/2080/081

मेलुङ गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको आर्थिक तथा प्राविधिक सहयोग तथा सामुदायिक विकास मञ्च नेपालको सहजीकरणमा सञ्चालित *मेलुङ कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता परियोजना* अन्तर्गत उन्नत जातका बिउका बोकाहरु खरिद गर्नुपर्ने भएकोले योग्य फर्म वा आपूर्तिकर्ताबाट देहाय बमोजिम सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

**सिलबन्दी दरभाउ पत्रको विवरण**

| वस्तु वा सामाग्रीको नाम तथा स्पेशिफिकेशन | परिमाण | सिलबन्दी दरभाउपत्र फारम दस्तुर र जमानत रकम | सिलबन्दी दरभाउपत्र मान्य हुने अवधि | सिलबन्दी दर भाउपत्र खरिद गर्ने अन्तिम मिति, दर्ता गर्ने अन्तिम मिति र खोल्ने अन्तिम मिति र समय |
|---|---|---|---|---|
| **वस्तुको प्रकार :**<br>उन्नत वोयर जातको गुणस्तरीय क्रस वीउ बोका<br>**स्पेसिफिकेशन :**<br>७५ प्रतिशत जातीय शुद्धता भएको, कम्तीमा पाँच महिना उमेर र २५ केजी तौल भएको, मध्यपहाडी हावापानीमा हुर्केको, दोलखाको मेलुङ गाँउपालिकाको हावापानीमा मिल्ने, वेलनाकार शरीर भएको, अण्डकोष विकसित र बराबरी आकारको भएको, प्रजनन अङ्ग र शारीरिक बनावटमा कुनै विकृत नभएको, स्वास्थ्य परीक्षण गरिएको प्रमाणपत्र भएको, आक्रमक खालको निरोगी बोका हुनुपर्नेछ । | ५० वटा | **फारम दस्तुर**<br>रु. १,०००।००<br>**जमानत रकम**<br>रु. ४८०००।० | ४५ दिन | **सिलबन्दी दरभाउपत्र खरिद गर्ने अन्तिम मिति र समयः**<br>२०८०।१२।२५ कार्यालय समय भित्र<br>**सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र समय :**<br>२०८०।१२।२६ गते दिनको १२ वजेसम्म<br>**सिलबन्दी दरभाउपत्र खोल्ने मिति र समय :**<br>२०८०।१२।२६ गते दिनको २.३० बजे |

**तपसिल**

१) सिलवन्दी दरभाउपत्र पेश गर्न इच्छुक र योग्य दरभाउपत्रदाताहरुले थप जानकारीको लागि सामुदायिक विकास मञ्च नेपालको कार्यलय भिमेश्वर न.पा ६ चरिकोट वा मोबाइल नं. ९८४४२३६३३३/९८६७०७८२२४ वा cdfcharikot@gmail.com मा सम्पर्क राख्न सक्नेछन् ।

२) योग्य दरभाउपत्रदाताहरुले सूचना प्रकाशन गरेको मितिले १५ औं दिन अर्थात ०८०।१२।२५ गते कार्यालय समयभित्र १००० रुपैंया (फिर्ता नहुने) दस्तुर तिरी फर्म दर्ता प्रमाणपत्र, करदर्ता प्रमाणपत्र तथा अघिल्लो आवको करचुक्ता प्रमाणपत्र सहित लिखित निवेदन पेश गरी संस्थाको कार्यालयबाट सिलवन्दी दरभाउपत्र सम्वन्धी कागजात खरिद गर्न सक्नेछन् ।

३) सिलवन्दी दरभाउपत्र सूचना प्रकाशन गरेको मितिबाट १६ औं दिन अर्थात ०८०।१२।२६ गते दिनको १२:०० बजेभित्र सामुदायिक विकास मञ्च नेपालको कार्यलयमा पेश गर्नु पर्नेछ । उल्लिखित समय भन्दा ढिलो गरी प्राप्त भएका दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

४) रितपूर्वक प्राप्त भएका दरभाउपत्रहरु ०८०।०१।२६ गते दिनको २:३० बजे उपस्थित हुन चाहने आपूर्तिकर्ताका प्रतिनिधिहरुको रोहवरमा सामुदायिक विकास मञ्च नेपालको कार्यलयमा खोलिनेछ । आपूर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभए पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।

५) दरभाउपत्रको मान्य अवधि दरभाउ पत्र खोलिएको दिनदेखि गणना हुने गरी कम्तिमा ४५ हुनेछ ।

६) दरभाउपत्रको साथ जमानत वापत रु ४८००० (अक्षरुपी अड्चालिस हजार) को बैंक जमानत वा नगदै जम्मा गरेको भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । बैंक जमानत पेश भएकोमा त्यस्तो दरभाउपत्र जमानतको मान्य अवधि दरभाउ पत्रको मान्य अवभिभन्दा ३० दिन वढी हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत वापत नगदै राख्न चाहेमा सिटिजन्स बैक ईन्टरनेशनल लिमिटेड चरिकोट शाखामा रहेको Community Development Forum-MALEDP को चल्ती खाता नं ०२८०१००००७३२२०१ मा जम्मा गरको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

७) दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्यअवधि साविककै मितिदेखि गणना गरिनेछ।

८) दरभाउ पत्र स्वीकृति गर्ने वा नगर्ने वा आंशिक स्वीकृत गर्ने अधिकार संस्थामा निहीत रहनेछ ।

CamScanner